बनमारा उखेलेर खाने प्रवृत्ति। पृष्ठ ५

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

sfof{no
थाहा नगरपालिका-७
शिखरकोट, मकवानपुर
kmf]g g+
०५७-४०००१०
0dh]n
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१०, ● अंक-०३, ● २०७४ साउन १६ गते सोमबार, ● 31 July, 2017, ● नेपाल सम्वत्-११३७, ● पृष्ठ-६, ● मूल्य रु. ५/-

## मकवानपुरमा डेढ करोडको कृषि बीमा

◆ विकास समाचारदाता


मकवानपुर जिल्लामा आर्थिक वर्ष २०७३/०७४ मा करिब डेढ करोड रूपैयाँ बराबरको कृषि बीमा भएको जिल्ला कृषि विकास कार्यालय मकवानपुरले जनाएको छ ।

२०७३ पौष महिनाबाट जिल्लामा कृषि बीमा सुरू भएकोमा असार महिनासम्म करिब ६ महिनामा डेढ करोड रूपैयाँ बराबरको कृषि बिमा भएको बाली विकास अधिकृत रचना देवले जानकारी दिइन् । नेपाल सरकारले २०६९ सालबाट कृषि बिमाको प्रावधान ल्याएपनि मकवानपुरमा गतवर्षबाट मात्र कृषि बिमाको कार्यक्रम सुरू भएको हो । गतवर्ष मकवानपुरमा एक करोड ४८ लाख ४८ हजार रूपैयाँ बराबरको कृषि बिमा भएको जिल्ला कृषि विकास कार्यालय मकवानपुरले जनाएको छ ।

गतवर्ष मकवानपुरका ३ सय ३४ कृषकले कृषि बिमा गराएका थिए । जिल्लामा विभिन्न प्राकृतिक विपत्ति र रोगका कारण कृषिमा क्षति भई किसानले लाखौंको नोक्सानी भोग्नु नपरोस् र किसानलाई कृषि क्षेत्रमा निरन्तरता दिनको लागि पनि कृषि विकास कार्यालय मकवानपुर ले बिमा कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गर्दै आएको छ । मकवानपुरमा तोरी बालीको बिमाबाट बाली बिमा सुरू भएकोमा हाल तरकारी र धान बालीमा पनि बिमा कार्यक्रम विस्तार भएको छ । कृषि बिमाको लागि कार्यालयमा निवेदन आईरहेको भन्दै अनुगमनको भईरहेको कार्यालयले जनाएको छ । कृषि क्षेत्रमा किसानको स्थिरता कायम राख्न र किसानलाई सुरक्षित कृषि क्षेत्रमा लगानी गर्न प्रेरित गर्ने उद्देश्य सहित आगामी दिनमा कृषि बिमालाई थप प्राथमिकताका साथ अगाडि बढाईने बाली विकास अधिकृत देवले जानकारी दिइन् ।

# नीति उज्यालो, गाउँटोल अध्यारो, बजेट शुन्य

◆ विकास समाचारदाता
थाहानगर



फाइल फोटो

मकवानपुर थाहा नगरपालिकाको पहिलो नगरसभाको नीति तथा कार्यक्रमको क्रम संख्या नम्बर ११० मा 'थाहानगर लाई उज्यालो नगरको रूपमा विकास गरिनेछ ।' भनिएको छ । नगरपालिकाको पहिलो नगरसभाले विनियोजन गरेको बजेटमा यो नीतिलाई मेलखाने कहीँ पनि बजेट इङ्कित गरिएको छैन । तर नीति तथा कार्यक्रमकै क्रम संख्या नम्बर १११ मा 'नीति तथा कार्यक्रमलाई बजेटसंग तालमेल गरी थाहानगरको विकास गरिने नीति लिइनेछ ।' भनी उल्लेख गर्न छुटाएको छैन । नगरको कुन कुन ठाउँ वा टोलमा बिजुली पुगेको छैन भन्ने तथ्याङ्क नगर पालिकासंग छैन । यद्यपी नीति तथा कार्यक्रमको अन्तिम दोस्रो बुँदामा भने थाहानगरलाई उज्यालो नगर बनाउने कल्पना गरिएको छ ।

थाहा नगरपालिका घोषणा भएको तीनवर्षसम्म नागरिकहरू टुकीकै भरमा छन् भन्दा अचम्मै नहुने भएको छ । वि.सं. २०७१ साल वैशाख २५ गते घोषणा भएको थाहा नगरको सल्लाघारी टोलमा अझै बिजुलीको लाइन पुगेको छैन । सल्लाघारी टोल हाल थाहा नगरपालिका वडा नम्बर ५ मा पर्छ । नलिवन र खर्क गाउँको बीचमा पर्ने सल्लाघारीका नागरिकहरूले अहिले पनि दियालो र टुकीकै भरमा रहनु परेकोमा गुनासो गरेका छन् । उनीहरू भन्छन्-'अब त जनप्रतिनीधि आएकाछन्, गाउँमा बिजुली बत्ति पनि आउँछ होला ।'

साविकको थाहा नगरपालिकामा आग्रा, टिष्टुङ र चित्लाङ गाविस एकीकृत भएकाछन् । एकीकृत भएका गाविसहरूमा पहिलेको तुलनामा बजेट त बढेको छ तर बिजुली बत्ती विस्तारमा एक रूपियाँ पनि परेको विनियोजन भएको छैन । थाहानगरलाई 'उज्यालो नगर' बनाउने सपना बोकेको पहिलो नगरसभाले बजेट छुट्याउने आँट गर्न सकेन भने विद्युतीकरणका लागि विद्युत प्राधिकरणसंग समन्वय गर्ने भनेर निर्णय समेत गरेको छैन ।

थाहा नगरपालिकाको टिष्टुङका केही क्षेत्रमा पनि विद्युतीकरण हुन सकेको छैन । साविक टिष्टुङ गाविसको वडा नम्बर ९ को हागर्दी, जगडाँडाको केही क्षेत्र, आधामारा, मकवानपुर धादिङको सीमा क्षेत्रका केही गाउँलगायतका क्षेत्रमा अझै विद्युतीकरण भएको छैन । विद्युतीकरणको अभावमा त्यस क्षेत्रका बासिन्दा अझै पनि टुकीकै भरमा छन् । यसबाट बालबालिकाको शिक्षामा समेत निकै समस्या भएको बताइएको छ । बालबालिकाहरूलाई गृहकार्य गर्न समेत निकै कठिन भएको स्थानीय माहिला तामाङले बताए ।

आग्रामा विद्युतकिरण गर्ने विषयमा चुनावी नारा नै बन्यो । आफूहरूलाई भोट हालेर जिताए गाउँ झिलिमिली बनाइदिने उमेद्वारहरूले बाचा गरेको स्थानीयहरू सुनाउँछन् । 'अहिले बाचा गर्नेहरूले पनि जितेका छन् बिजुली ल्याउन बजेट छुट्टिएन भन्छन'-एक वृद्ध मान बहादुर लामाले भने । लामाले भने-'अब हार्नेहरूले त के बिजुली ल्याउलान् खै ।' आग्राको साविक २, ३ र ४ नम्बर वडाको छापगाउँमा अहिलेसम्म पनि बिजुली पुगेको छैन भने वडा नम्बर ८ को केही टोलहरूमा पनि विद्युतीकरण हुन सकेको छैन ।

# *नगर सफा गर्ने एउटा अभियानमा 'बोतल गार्डेन'*

◆ विकास समाचारदाता



उत्तरी मकवानपुरको थाहा नगरपालिकास्थित एउटा निजी विद्यालयको गेटबाट भित्र छिर्ना साथ कोक तथा स्प्राइटका जम्बो बोतलहरू झुण्ड्याइका दृश्य देखिन्छ । भुइँभरि पानीका बोतलहरू लडाइएका छन् । पानीका बोतलहरूका रायो साग र धनियाँहरू हुर्किरहेको छ । जम्बो बोतलहरूमा प्याजका बोटहरू हुर्किरहेका छन् । झट्ट हेर्दा कुनै बगैंचाको दृश्य जस्तो देखिन्छन् । तर, त्यो पालुङ भ्याली हार्ट एकेडेमीको बगैंचा हो ।

बगैंचामा विभिन्न फूलहरूका साथै दैनिक भान्छामा प्रयोगमा आउने सागपातहरू हुर्काएका छन् । विद्यालयले जग्गा अभावमा त्यसरी बोतलमा फूल तथा साग रोपेको भने होइन, विद्यार्थीहरूको घरघरबाट निस्कने बोतलहरू सडक तथा नालीमा नफ्याकुन भन्ने उद्देश्यले त्यसरी बोतल गार्डेन बनाएको संस्थापक प्रधानाध्यापक सुरेन्द्रमान प्रधानले बताए । उनले भने, 'विद्यार्थीले मार्कशीटमा पाउने अंक नै उनको उपलब्धि होइन, उसले के सिक्यो भन्ने कुरा महत्वपूर्ण हो, त्यसैले हामीले विद्यार्थीहरूले सरसफाइमा ध्यान दिउन् भन्नका लागि यो बोतल गार्डेन बनाएका हौं ।'

विद्यालयले बोतल मात्र होइन गाडीका टायरहरूको पनि सदुपयोग गरेको छ । टायरमा ठूला प्रजातिका विरूवाहरू रोपिएका छन् । विद्यालयका प्रिन्सिपल कतै जाँदा बाटोमा बोतल भेटिए टिपेर गाडीमा राख्छन् । बोतल गार्डेनलाई व्यवस्थित गर्न विद्या वि.क.लाई मालीमा नियुक्त गरेका छन् ।

प्रिन्सिपल प्रधान भन्छन्, 'हामीले विद्यालयका सबै बाहिरी भित्ताहरूमा यसैगरी बोतलले सजाउने अभियान गरिरहेका छौं ताकि, यहाँ आएर जाने विद्यार्थी तथा अभिभावकहरूले पनि यसको अनुशरण गरून् र नगरलाई फोहर मुक्त बनाउन टेवा पुऱ्याओस् ।' विद्यालय भरि बोतलहरू झुन्ड्याउनका लागि करिब ५ हजार वटा जम्बो बोतल लाग्ने उनले बताए ।

थाहा नगरपालिकाको सबैभन्दा ठूलो समस्या सरसफाइ नै हो, नगरले अहिलेसम्म फोहर व्यवस्थापनका लागि स्थान छनौट गर्न सकेको छैन । यो अवस्थामा विद्यालले गत वर्षदेखि नै सुरू गरेको यो अभियानले केहि टेवा पुऱ्याएको छ । प्रिन्सिपल प्रधानले थाहा नगरपालिकाका धेरै कर्मचारीहरूलाई पनि यो गार्डेन देखाइसकेका छन्, 'यो अभियान देखेर सबैले खुसी व्यक्त गरेका छन् ।' उनले भने, 'सबै विद्यालयले यो अभियान संचालन गर्ने होभने नगर यत्तिकै सफा हुन्छ ।' कक्षा १० सम्म संचालित यो विद्यालयमा ५ सय विद्यार्थी रहेको भ्याली हार्ट ८ वर्षअघि सुरू गरिएको हो ।

विद्यालयले बोतल तथा खेर जाने कागजहरूलाई सदुपयोग गर्दै शैक्षिक सामग्रीहरू समेत बनाउने गरेको छ । बोतल गार्डेन देखेर जिल्ला शिक्षा कार्यालय मकवानपुरका अधिकारीहरू समेत खुसी भएको प्रधानले सुनाए ।

## साउनमा म्याद सकिने कुलेखानी तेस्रोको ७० प्रतिशत काम

कुलेखानी जलविद्युत आयोजनाको ७५ प्रतिशत काम सकिएको आयोजना प्रमुख सुभाष मिश्रले जानकारी दिएका छन् । आयोजनाको इलेक्ट्रोमेकानिकलतर्फ ७० प्रतिशत मात्र काम सम्पन्न भएको छ भने सिभिलतर्फ ९८ प्रतिशत काम सम्पन्न भइसकेको छ । चिनियाँ कम्पनी झेजियाङले विद्युत् निकाल्न जेनेरेटर आपूर्ति, जडान र प्रशारण लाइनसम्म पहुँच विस्तारको काम जिम्मा लिएको थियो ।

सिभिलतर्फका चिनियाँ ठेकेदार कम्पनी सिनो हाइड्रोले विद्युत् गृह निर्माण गरिसकेको छ । विद्युत् गृहभित्र टर्बाइन, जेनेरेटर कन्ट्रोलर उपकरण जडान गर्ने काम भइरहेको छ । इलेक्ट्रो मेकानिकल ठेकेदार झेजियाङले २०७३ पुस १६ गते काम सक्नेगरी प्राधिकरणसँग चौथो पटक म्याद थप गरेको थियो । यसअघि सन् २०१४ सेप्टेम्बर, सन् २०१५ जुन र सन् २०१५ अक्टोबरमा म्याद थप गरेको थियो । पटकपटक म्याद थप गर्दा पनि विविध कारण देखाउँदै आयोजनाले काम सम्पन्न गर्न सकेको छैन । फेरी थप्ने तयारी गरेको छ ।

## सम्पादकीय

# अलमलमा स्थानीय तह

**मुलुकको छ प्रदेशमा स्थानीय तह निर्वाचन भएपछि धमाधम जनप्रतिनिधिहरुले कामकाज अघि बढाएका छन्। डेढ दशकपछि जनप्रतिनिधि देखिनु र अझ संचरनात्मक हिसाबले त स्थानीय तह निर्वाचन पहिलोपटक भएकाले जनप्रतिनिधिको महत्व र भूमिका बढ्नु स्वाभाविक छ। यति हुँदाहुँदै पनि स्थानीय तहहरुले जुन गति लिनुपर्ने हो, लिन सकेको देखिएको छैन। अहिले धेरै स्थानीय तहमा कर्मचारीको भार कम भएको होला तर जनताले देख्ने गरी खासै काम हुन सकेका छैनन् । अबका जनप्रतिनिधि दैनिक तोक आदेश र लिखत प्रमाणितमा अल्झने होइन, उनीहरुले त महत्वपूर्ण नीतिगत कामको थालनी गर्नुपर्छ । गाउँ/नगरका सिंहदरवारको रुपमा स्थापित गर्न खोजिएका स्थानीय तहले गति लिन सकेनन् भने जनतामा यति चर्को निराशा छाउनेछ, जसले नेपाली समाजलााई फाइदा हुँदैन। त्यसैले पनि स्थानीय तहका जनप्रतिनिधिले दिन धकेल्ने मात्र होइन, हरेक दिन के नयाँ काम गर्ने भनेर योजना बनाउनु आवश्यक छ। स्थानीय तह सञ्चालन कानून नबन्नु नै अहिलेको सबैभन्दा ठूलो समस्याको विषय बनेको छ। संघीय संसदबाट यो पारित भएपछि प्रदेशले प्रदेश कानून बनाउनुपर्ने र ती दुबै कानूनसँग नबाझिने गरी स्थानीय तहले आफ्नै कानून बनाउनसक्ने व्यवस्था छ ।**

**अहिले संघीय संसदबाट स्थानीय तह सञ्चालन कानून पारित भइसकेको छैन भने प्रदेशसभा नै गठन भइसकेको छैन। यसले गर्दा स्थानीय कानून बनाउन अझै एक वर्ष जति लाग्ने देखिन्छ । स्थानीय कानून संघीय कानूनकै सीमाभित्र बन्ने भएकाले अहिले संघीय कानून नै चाँडो बने पनि स्थानीय तहमा देखिने अलमल हट्नेछ। अहिले स्थानीय तहले के गर्ने, के नगर्ने अन्योल छ। केही गरौं जथाभावी निर्णय गरेको आरोप लाग्ने र केही नगरौं केही गर्न नसकेको आरोप लाग्ने अवस्थामा स्थानीय तहहरु छन् । केही नगरेर आरोप खेप्नुभन्दा केही गरेरै आरोप खेप्ने दिशातिर धेरै स्थानीय तह जान खोजेका छन् । त्यसैले उनीहरुले गरेका निर्णयप्रति संघीय सरकार र सञ्चार माध्यमबाट चर्को टिप्पणी भइरहेको छ। स्थानीय तहहरु पहिलेका जस्ता स्थानीय निकाय यसकारण होइनन् कि उनीहरुका बारेमा पहिलोपटक संविधानमा विस्तृत ब्याख्या गरिएको छ। संविधानको अनुसूचीमा स्थानीय तहले प्रयोग गर्न पाउने २२ र प्रदेश तथा संघसँग समन्वय गरेर प्रयोग गर्न पाउने १५ वटा अधिकारसूची निर्धारण गरिएको छ। यो अधिकार प्रयोग गर्न पनि कानून बन्नुपर्छ, जो बन्न सकिर हेको छैन। संघीय कानून नबन्नु स्थानीय तहहरुको कमजोरी होइन।**

**संघीय सरकारले स्थानीय तह सञ्चालन कानून पनि नबनाउने अनि स्थानीय तहले संविधानको अधिकार प्रयोग गरेर गरेका निर्णयमाथि पनि अंकुश लगाउन खोज्ने कदम बिरोधाभाषपूर्ण छ। स्थानीय तहले पनि तीनवटा कुरामा ख्याल गरेर निर्णय लिनु आवश्यक देखिन्छ। उसले लिएको निर्णय संविधानसँग नबाझिने हास्, त्यसले बहुसंख्यक स्थानीयबासीको हित गरोस् वा उनीहरुबाट बिरोध हुनेखालको नहोस् र त्यसलाई कार्यान्वयन गर्न स्रोत ब्यवस्थापन गर्न सकियास् । यी तीनवटा सीमाभित्र रहेर गरिने निर्णयमाथि संघीय सरकारले अंकुश लगाउनुको अर्थ हुँदैन। सबै निर्णय संघीय सरकारले भनेकै हुने हो भने संघीयता नै किन चाहियो र ? स्थानीय तहलाई संविधानमै छुट्टै अधिकार किन दिनुपर्‍यो ? स्थानीय तह सञ्चालनको मुख्य आधार संविधान हो, त्यसलाई ब्याख्या गर्ने कानून आएको खण्डमा सबै अलमल अन्त्य हुनेछन् र स्थानीय तहहरुले पनि केही न केही नयाँपनको अनुभूति दिने गरी योजना बनाउनु जरुरी छ, त्यसैले सबैको ध्यान यसतर्फ जानुपर्छ।**

### yfxf gu/kflnsfsf]lzv/sf] sfp06/af6 lbjf a; ;]jf

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### dxTj kf0f{6]nkmf]g gDa/x?

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# सूचना अधिकारीको भूमिका

नागरिकलाई दिन मिल्ने र नमिल्ने सूचना छुट्याएर राख्नुपर्छ। सूचना प्रवाहमा बाध्य हुन नपर्ने पाँच प्रकारका सूचनाभित्र के कस्ता सूचना पर्ने हुन्, तिनको सूचीकृत गरी सूचनाको कानुनी वर्गीकरण गरेर अधिकतम ३० वर्षसम्मका सूचना संरक्षण गर्न सकिन्छ। सूचना प्रवाहमा आफ्नो निकायका सबै कर्मचारीमा दक्षता अभिवृद्धि गर्न तालिम दिनुपर्छ। सूचना प्रवाहमा आमसञ्चार माध्यमको प्रयोग गर्नुपर्छ। नेपाली भाषाको अलावा स्थानीय राष्ट्रिय भाषामा पनि सूचना प्रवाह गर्न सूचना अधिकारीहरु सक्रिय हुनुपर्ने सन्देशसमेत प्रवाह गर्नुपर्छ



✍ s[0fxl/ afFsf]6f

नेपालको संविधानको धारा २७ को प्रभावकारी प्रचलनका लागि निर्मित सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार प्रत्येक सार्वजनिक निकायले सूचना अधिकारी नियुक्ति गर्नुपर्छ । नेपालमा र हेका ३१ मन्त्रालय, २१ केन्द्रीयस्तरका निकाय, ५४ विभाग र ७५ जिल्लामा रहेका मुख्य ३० वटा जिल्लास्तरीय सरकारी कार्यालयको गणना गर्ने हो भने हामीसँग झन्डै २५ सय सरकारी कार्यालय छन् । यी सबैमा सूचना अधिकारी तोकिएको पुष्टि भएको छ । गत आर्थिक वर्ष २०७३/७४ मा मात्रै १५ सय ५३ सूचना अधिकारी तोकिएको नामावली राष्ट्रिय सूचना आयोगमा प्राप्त भएको छ । जसअनुसार ५ साउन २०७३ ५ जना, भदौमा २० जना, असोजमा २० जना, कात्तिकमा २, मंसिर मा ५ र पुसमा ४५ जना सूचना अधिकारी तोकिएको विवरण प्राप्त भएको थियो । त्यसैगरी १ माघ २०७३ मा १ सय ७१ जना, फागुनमा २ सय ४०, चैतमा २ सय ५२, २०७४ वैशाखमा ३३ जना, जेठमा २ सय ३२ जना र असारमा ५ सय २८ जना नियुक्ति भएको जानकारी प्राप्त भएको छ ।

यी सबै सूचना अधिकारीको नामावली र सम्पर्क नम्बर आयोगको वेबसाइटमा राखिएको छ । नागरिकले यही वेबसाइटबाट सूचना अधिकारीको नाम र नम्बर पत्ता लगाई फोनबाट कुराकानी गर्न र इमेल ठेगाना उपलब्ध भएकासँग अनलाइन सूचना माग गर्न सहज भएको छ । आयोगले जिल्ला समन्वय समिति, जिल्ला कृषि कार्यालय, शिक्षा कार्यालय, सडक कार्यालय, जनस्वास्थ्य कार्यालय, सहरी कार्यालय र हुलाक कार्यालयका सूचना अधिकारीसँग इमेलबाटै सूचना माग्ने र पाउने प्रणाली लागू गरेको छ । यो प्रणाली हाल २२ वटा जिल्लामा लागू भइसकेको छ । पछिल्ला दिनमा माग भएको सूचना दिन सूचना अधिकारीहरु सकारात्मक र क्रियाशील रहेको पाइएको छ ।

सूचना अधिकारीले नागरिकले सूचना माग गरेपछि मात्रै सूचना दिने होइन, प्रत्येक तीनतीन महिनामा आ ̂ ना निकायसँग सम्बन्धित सूचनाको नियमित स्वतः प्रकाशन गर्नुपर्ने कानुनी प्रावधान पनि पूर्ण पालनातर्फ सरकारी कार्यालय उन्मुख भएको पाइएको छ । गत आव २०७३/७४ मा ५ सय ४९ वटा निकायले स्वतः प्रकाशन गरेको विवरण राष्ट्रिय सूचना आयोगमा पठाएका छन् । जसअनुसार २०७३ साउनमा ८६, भदौमा ४४, असोजमा २०, कात्तिकमा ६४, मंसिरमा ४२ र पुसमा २७ सरकारी कार्यालयले तीन महिने विवरण सार्वजनिक गरी आयोगलाई पनि एकप्रति विवरण पठाएका थिए । यसैगरी २०७३ माघमा ५४, फागुनमा ५६, चैतमा १९, २०७४ वैशाखमा ६५, जेठमा ६२ र असारमा १० वटा सरकारी कार्यालयले यस्तो विवरण आयोगमा पठाएका छन् । आयोगमा यस्तो विवरण नपठाउने निकायले पनि ती सूचना आफ्ना वेबसाइटमा र सूचना पाटीमा सार्वजनिक गरेको पाइएको छ । यसरी सूचना अधिकारी तोकिने, सूचना अधिकारीले जनताले माग गरेको सूचना दिने र जनता सूचना माग गर्नै नआएमा पनि सरकारी निकायले सूचना प्रकाशित र प्रसारित गरिरहने पद्धतिले संस्थागत रूप लिँदै गएको सुखद स्थिति निर्माण भएको छ । यस्तो दायित्वबाट विमुख भएका सरकारी कार्यालयहरु तुरुन्तै सच्चिनुको विकल्प छैन ।

प्रायः सबै सरकारी कार्यालय र तिनमा कार्यरत पदाधिकारीहरूले आआफ्नो साख गुमाइरहेको नकारात्मक सन्देश प्रवाह भइरहेको स्थितिमा मुलुकमा सूचना अधिकारी भने आ–आफ्नो निकायलाई पारदर्शी, जवाफदेही र उत्तरदायी तुल्याउन सूचना प्रवाहमा मन, वचन र कर्मले प्रतिबद्ध हुनु निकै खुसीको विषय हो । राष्ट्रिय सूचना आयोगले तोकेका सूचना अधिकारीहरूको कार्य सम्पादनमा सहजताका लागि छुट्टै निर्देशिका नै जारी गरेको छ । जसअनुसार सूचना अधिकारी कार्यालयकै दोस्रो वा तेस्रो वरीयताको पदाधिकारी हुनुपर्ने र निजलाई प्रमुखले नियमित रूपमा सूचना उपलब्ध गराउनुपर्ने निर्देशिकामा लेखिएको छ । यसरी आफूलाई उपलब्ध सूचना प्रवाह गर्न कुनै आदेश/निर्देशन लिई रहनु नपर्ने र निजलाई यस कार्य प्रभावकारी ढंगले सम्पादन गर्न कार्यालयका तर्फबाट मोबाइल सेट, मासिक रिचार्ज कार्ड शुल्क र अन्य सुविधा उपलब्ध गराउन आयोगले सरकारसँग लिखित आग्रह गरेको छ । मन्त्रालय र विभागस्तरमा मोबाइल सेट दिने र मासिक १ हजार रिचार्ज कार्डबापत नगद उपलब्ध गराउन थालिएको छ । लोकतन्त्रको प्राणवायुका रूपमा रहेको सूचनाको हकको प्रभावकारी प्रचलनमा सक्रिय र प्रतिबद्ध सूचना अधिकारीहरूलाई राष्ट्रिय सूचना आयोगले वर्षेनी ३० हजारका दरले ५ जनालाई नगद पुरस्कार प्रदान गर्दै आएको छ । आगामी ३ भदौ २०७४ मा राष्ट्रिय सूचना दिवसको उपलक्ष्यमा पुरस्कृत गर्न आयोगले मन्त्रालयका सचिव र ७५ जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई २० साउन २०७४ भित्र सिफारिस गरी पठाइदिन पत्राचार गरेको छ । यससम्बन्धी सूचना राष्ट्रिय पत्र पत्रिकामा प्रकाशित हुनुका साथै आयोगको वेबसाइटमा पनि राखिएको छ । यसर्थ कार्यालय प्रमुखले असल काम गर्ने सूचना अधिकारीलाई पुरस्कारका लागि सिफारिस गरी यसमा स्वयं सूचना अधिकारी पनि सक्रिय हुनुपर्छ ।

सूचना अधिकारी सूचना प्रवाहको मुख्य पदाधिकारी हो । यसर्थ निज सूचना अधिकारीले नागरिकको सूचनाको हकको पूर्ण सम्मान गर्नुपर्छ । जसअनुसार प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने मौलिक हक छ । सूचनाको हकसम्बन्धी ऐनअनुसार सार्वजनिक निकायमा रहेका सूचनामा नागरिकको पहुँच ग्यारेन्टी गरिएको छ । कुनै पनि निकाय लोकतान्त्रिक पद्धतिबाट सञ्चालन हुनुपर्ने, तिनका सूचनामा नागरिकको पहुँच सुनिश्चित गर्नुपर्ने र सबै निकाय पारदर्शिताका माध्यमद्वारा सुशासनमा खरो उत्रिनुपर्ने कानुनको सन्देशलाई सबैले हुबहु पालना गर्नुपर्छ । सूचनाको हकसम्बन्धी ऐनको दफा ४ मा सबै निकायले नागरिकको सूचनाको हकको सम्मान गर्नुपर्ने कुरा लेखिएको छ । जसअनुसार कम्तीमा २० वर्षसम्मका सूचना अद्यावधिक गर्नुपर्छ । नागरिकलाई दिन मिल्ने र नमिल्ने सूचना छुट्ट्याएर राख्नुपर्छ । सूचना प्रवाहमा बाध्य हुन नपर्ने पाँच प्रकारका सूचनाभित्र के कस्ता सूचना पर्ने हन्, तिनको सूचीकृत गरी सूचनाको कानुनी वर्गीकरण गरी अधिकतम ३० वर्षसम्म सूचना संरक्षण गर्न सकिन्छ । सूचना प्रवाहमा आफ्नो निकायका सबै कर्मचारीमा दक्षता अभिवृद्धि गर्न तालिम दिनुपर्छ । सूचना प्रवाहमा आमसञ्चार माध्यमको प्रयोग गर्नुपर्छ । नेपाली भाषाको अलावा स्थानीय राष्ट्रिय भाषामा पनि सूचना प्रवाह गर्न सूचना अधिकारीहरु सक्रिय हुनुपर्ने सन्देशसमेत प्रवाह गर्नुपर्छ ।

नागरिकले सूचना माग गर्न आएका बखत उनीहरूको निवेदन विनयशीलतापूर्वक ग्रहण गरी सोको निस्सा दिनु सूचना अधिकारीको दायित्व हो । यस्तो निवेदन परेपछि तुरुन्त नै सूचना उपलब्ध गराउनुपर्छ । यदि सूचना संकलन गरेर मात्रै उपलब्ध गराउन सकिने भए बढीमा १५ दिनभित्र सूचना दिनुपर्छ । जीउज्यानको सुरक्षासँग सम्बन्धित सूचना माग गरेको भए २४ घण्टाभित्र सूचना उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ । सूचना मागको निवेदनमा कुनै दस्तुर लिनुहुँदैन र हुलाक टिकट पनि टाँस गर्न लगाउन हुँदैन । भरसक निःशुल्क सूचना दिने प्रयास गर्नुपर्छ । आफ्नो निकायको प्रकाशन उपलब्ध गराउँदा र वेबसाइटको सूचना दिंदा दस्तुर लिनुहुँदैन । अन्य कागजातको दस्तुर लिनै परे पनि पहिलो १० पृष्ठ निःशुल्क गरी त्यसपछिको प्रतिपृष्ठ पाँच रूपैयाँभन्दा बढी दस्तुर लिन मिल्दैन । सूचना अधिकारीको मूल ध्येय राजस्व असुली गर्ने होइन, कसरी सूचना उपलब्ध गराएर नागरिकलाई सन्तुष्ट पारी आफ्नो निकायको साख उच्च गर्ने भन्ने हुनुपर्छ । कुनै कारणवश सूचना अधिकारीले सूचना उपलब्ध गराउन नसकेका कारण कार्यालय प्रमुखसमक्ष उजुरी परेमा वा निजले पनि सूचना नदिएका कारण राष्ट्रिय सूचना आयोगमा पुनरावेदन परेमा प्रमुख र आयोगले गरेको निर्णयको तत्काल कार्यान्वयन गराउनु पनि सूचना अधिकारीको कर्तव्य हो । तीन/तीन महिनामा आफ्ना निकायका विस्तृत विवरण नियमित रूपमा सार्वजनिक गरी सूचना माग गर्नु नै नपर्ने वातावरण सिर्जना गर्नु पनि असल सूचना अधिकारीको परिचय हो । सूचना दातालाई कारबाही गरेमा र भएको सूचना समयमा उपलब्ध नभएर हानि नोक्सानी पुगेमा आयोगमा क्षतिपूर्तिसहितको उजुरी पर्न सक्छ । यसैगरी बढी दस्तुर लिएमा र सूचना वर्गीकरण गरेकामा चित्त नबुझेमा

afFsL k[7 # df

o:tf]tof/ xf]; :yfgLo tx

# सांगठनिक संरचना

**गाउँपालिकाका अध्यक्ष/उपाध्यक्षदेखि महानगरपालिका प्रमुख/उपप्रमुखसम्मले आफ्नो निजी सचिवालयमा नायब सुब्बास्तरका कर्मचारी राख्न पाउने मन्त्रालयले तयार पारेको ढाँचामा उल्लेख छ ।**

पुर्नसंरचनापछि बनेका साना गाउँपालिकामै पनि कम्तीमा ६० कर्मचारी हुनेछन् । त्यसबाहेक दैनिक सेवा प्रवाहका लागि प्रत्येक वडा कार्यालयमा न्यूनतम ४ कर्मचारी रहनेछन् । २० हजारभन्दा बढी जनसंख्या रहेका गाउँपालिकामा भने न्यूनतम ७० र वडा कार्यालयमा ४ कर्मचारीको व्यवस्था हुनेछ ।

स्थानीय तह कति अधिकार सम्पन्न र वजनदार छन् भन्ने यसले देखाउँछ । विगतमा गाविसमा नायब सुब्बा वा खरिदारको नेतृत्वमा अति थोरै कर्मचारी रहने गर्थे । संविधानले स्थानीय तहलाई अधिकार सम्पन्न बनाएपछि त्यसको कार्यान्वयनका लागि ठूलो संख्यामा कर्मचारी आवश्यक पर्ने भएको हो । संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले संविधानले दिएका अधिकार कार्यान्वयनका लागि स्थानीय तहलाई चाहिने न्यूनतम कर्मचारी तथा सांगठनिक संरचनाको नमुना ढाँचा तयार पारेको छ । प्रस्तावित ढाँचामा गाउँपालिका, नगरपालिका, उपमहानगर पालिका र महानगरपालिकालाई आवश्यक पर्ने विभागरमहाशाखारशाखा तथा आवश्यक पर्ने न्यूनतम कर्मचारी दरबन्दीको समेत पहिचान गरिएको छ । मन्त्रालयका प्रवक्ता सहसचिव रुद्रसिंह तामाङले स्थानीय तहलाई सहयोग पुग्ने उद्देश्यले आवश्यक कर्मचारीको विवरणसहितको सांगठिनक संरचनाको नमुना प्रस्ताव तयार पारिएको बताए । उनले अधिकारअनुसारको बजेट, योजना, साधन तथा कर्मचारी क्रमशः स्थानीय तहमा सरकारले पठाउन लागिरहेका बेला त्यसलाई तत्कालै व्यवस्थित पार्न सकियोस् भन्ने उद्देश्यले कर्मचारी तहको सांगठिनक संरचना प्रस्ताव गरिएको जानकारी दिए ।

आवश्यक निर्णय प्रक्रिया पुर्‍याएपछि उक्त प्रस्तावित संरचनालाई स्थानीय तहमा पठाइने उनले बताए । 'मन्त्रालयले संविधानले दिएको अधिकार र त्यसको विस्तृतीकरण स्थानीय तहले गर्नुपर्ने क्रियाकलापको पहिचानलाई अध्ययन गरी त्यसको कार्यान्वयनका लागि आवश्यक पर्ने संरचनाको नमुना तयार गरेको हो,' उनले भने, 'गाउँपालिका तथा नगरपालिकाले त्यसलाई आफ्नो आवश्यकताअनुसार फेरबदल वा थपघट गरी प्रयोगमा ल्याउन सक्छन् ।'

मन्त्रालयले गाउँपालिकामा शाखा अधिकृत कार्यकारी अधिकृत रहने गरी त्यसको मातहतमा सामान्य प्रशासन, सहरी पूर्वाधार, सामाजिक विकास, योजना अनुगमन तथ्यांक, राजस्व तथा आर्थिक प्रशासन, आर्थिक विकास तथा आन्तरिक लेखा परीक्षण शाखा रहने प्रस्ताव गरेको छ । ती शाखा मातहत उपशाखाहरु प्रस्तावित छन् । गाउँपालिकामा स्वास्थ्य, कृषि, पशुपक्षी, विद्युत, सिभिल इन्जिनियरिङका प्राविधिक जनशक्तिदेखि शिक्षा, घरेलु, उद्योगजस्ता दर्जनौं विषयगत कर्मचारी र हनेछन् । यसअघि ती विषयका कार्यालय र कर्मचारी जिल्ला सदरमुकाम वा जिल्लाभित्र थोरै ठाउँमा मात्रै हुने गर्थे ।

काठमाडौं महानगरपालिका बाहेक नयाँ बनेका महानगरमा १० महाशाखा, १ शाखा र त्यसका लागि न्यूनतम १ सय ९० कर्मचारी आवश्यक पर्ने सांगठनिक संरचना तयार गरिएको छ । महानगरमा प्रस्तावित महाशाखाहरु सामान्य प्रशासन, सहरी पूर्वाधार विकास, सामाजिक विकास, योजना अनुगमन तथा वैदेशिक सहयोग, न्याय कानुन तथा मानव अधिकार प्रवर्द्धन, राजस्व तथा आर्थिक प्रशासन, आर्थिक विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र खानेपानी तथा फोहोरमैला व्यवस्थापन छन् । आन्तरिक लेखा परीक्षण शाखासमेत राखिएको छ । महानगरमा कार्यकारी अधिकृत सहसचिव रहनेछन् । पुनः संरचनापछि ललितपुर, पोखरा, भरतपुर, वीरगन्ज र विराटनगर महानगर थपिएका छन् ।

देशकै राजधानी रहेकाले बढी जनघनत्व रहेको काठमाडौं महानगरपालिकाको कार्यालयमा भने ३ सय ५० जनासम्म कर्मचारी आवश्यक पर्ने मन्त्रालयका सहसचिव तामाङले बताए । 'काठमाडौं महानगरपालिकाले पहिले पनि विभिन्न विषयगत विभागको अभ्यास गरिररहेको छ,' उनले भने, 'प्रस्तावित ढाँचाअनुसार आवश्यक महसुस गरे काठमाडौंले विभागहरु थपघट गर्न सक्छ ।' महानगरको वडा कार्यालयमा अधिकृतस्तरका कर्मचारीको नेतृत्वमा ८ जनासम्म कर्मचारीको प्रस्ताव छ ।

उपमहानगरपालिका तथा नगरपालिकहरुको हकमा महानगरजस्तै विषयगत ९ महाशाखा तथा आन्तरिक लेखा परीक्षण शाखाको प्रस्ताव छ । उपमहानगरमा १ सय ६०, काठमाडौं उपत्यकाभित्रका नगरपालिकामा १ सय ४० र अन्य नगरपालिकामा न्यूनतम १ सय १५ जना कर्मचारी आवश्यक पर्नेछ । प्रवक्ता तामाङले बढी जनघनत्व भएका स्थानमा महाशाखाभित्र बढी शाखाहरु र कम जनसंख्या भएका स्थानमा कम शाखाहरु राख्न सकिने बताए । त्यहीअनुसार उपत्यकाभित्र र बाहिरको हकमा कर्मचारी संख्या फरकफरक प्रस्ताव गरिएको उनले जानकारी दिए । स्थानीय तहमा प्रस्तावित सामाजिक विकास महाशाखारशाखालाई बढी कर्मचारी प्रस्ताव गरिएको छ । उक्त महशाखाभित्र शिक्षा, खेलकुद, स्वास्थ्य, सरसफाइ, खाद्य सुरक्षा, सामाजिक सुरक्षा, व्यक्तिगत घटना दर्ता, लैंगिक समानता तथा समावेशीकरण, गैरसरकारी संस्था तथा परिचालन नियमनजस्ता विषयगत शाखा/उपशाखा प्रस्तावित छन् ।

मन्त्रालयले सबै महाशाखा र शाखाको भूमिका तोकिएको कार्यविभाजनको नमुना नियमावलीसमेत तयार पारेको छ । स्थानीय तहले आफ्नो सभाबाट त्यसमा थपघट गरी पारित गरेर कार्यान्वयनमा ल्याउन सक्नेछ ।

प्रस्तावित खाका अनुसार उपमहानगर र नगरपालिकाको वडा कार्यालयमा ६ जना कर्मचारी रहनेछन् । स्थानीय तह पुनःसंरचना आयोगले वडा कार्यालयलाई सेवा प्रवाहको केन्द्रका रूपमा विकास गर्न सरकारलाई सिफारिस गरेको थियो । स्थानीय तह शासनसम्बन्धी विधेयकमा वडा कार्यालयलाई सेवा प्रवाहको दृष्टिकोणले अधिकारसम्पन्न बनाउने प्रस्ताव गरेको छ । वडा कार्यालयलाई ३७ वटा विषयमा सिफारिस वा प्रमाणित गर्ने अधिकार तोकिएको छ । गाउँपालिकाका अध्यक्ष/उपाध्यक्षदेखि महानगरपालिका प्रमुख/उपप्रमुखसम्मले आफ्नो निजी सचिवालयमा नायब सुब्बास्तरका कर्मचारी राख्न पाउने मन्त्रालयले तयार पारेको ढाँचामा उल्लेख छ । स्थानीय तहमा प्रस्तावित कर्मचारी र त्यसको सांगठनिक संरचनामा शिक्षक, नगर प्रहरी, कम्प्युटर प्राविधिक, सवारी चालक, सरसफाइमा संलग्न हुने कर्मचारी जोडिएका छैनन् ।

# अब एकवर्षभित्र घर बनाइसक्नुपर्ने

◆ रविन्द्र घिमिरे

सरकारले भूकम्पबाट क्षतिग्रस्त निजी आवास पुनर्निर्माण गर्न एक वर्षको समयसीमा तोकेको छ । यसअनुसार अहिलेसम्म पहिचान भएका सबै भूकम्पपीडितले आगामी साउनसम्म आफ्नो घर बनाइसक्नुपर्नेछ ।

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले पहिलो किस्ता बुझेर पनि निजी आवास निर्माणमा ढिलासुस्ती भएको निश्कर्ष निकाल्दै घर बनाइसक्ने गरी समयसीमा तोकेको हो । अब क्षतिग्रस्त ७ लाख ४७ हजार घर ०७५ को साउनसम्म बनाइसक्नुपर्नेछ ।

सरकारले अनुदान लिने समयसीमा निर्धारण गर्दै २०७५ असारभित्र तेस्रो किस्ता लिइसक्नुपर्ने गरी नियम बनाएको छ । प्रधानमन्त्रीको अध्यक्षतामा बसेको राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको निर्देशक समितिले अबको कार्तिक मसान्तसम्म सबै लाभग्राहीसँग अनुदान सम्झौता गरेर पहिलो किस्ता दिइसक्ने निर्णय गरेको हो । प्राधिकरणले गाउँमा खटिएका प्राविधिकमार्फत यो सन्देश सबै ठाउँमा पठाएको छ ।




## पहिलो किस्ता कार्तिक र दोस्रो पुससम्म

लाभग्राहीको सूचीमा नपरेकाले पनि आफ्नो गुनासो स्थानीय तहमा राखेर कार्तिकसम्म अनिवार्य रूपमा पहिलो किस्ता लिइसक्नुपर्ने प्राधिकरणका प्रवक्ता यमलाल भुसालले बताए । पहिलो किस्ता लिन पीडितको सूचीमा परेर सरकारसँग अनुदान सम्झौता गर्नुपर्छ । पहिलो किस्तामा सरकारले ५० हजार रुपैयाँ दिन्छ ।

दोस्रो किस्ता लिन पनि प्राधिकरणले समयसीमा तोकेको छ । कार्तिकभित्र पहिलो किस्ता लिएकाहरूले पुस महासन्तसम्म दोस्रो किस्ता लिने गरी काम गर्नुपर्ने भएको छ । पहिलो किस्ताको अनुदान लिएर घरको जग राखेपछि दोस्रो किस्ता रकम पाइन्छ ।

## तेस्रो किस्ता असारभित्र

गाउँगाउँमा खटिएका प्राविधिकमार्फत दोस्रो किस्ताका लागि निवेदन दिनुपर्ने प्रवक्ता भुसालले बताए । दोस्रो किस्तामा पीडितले १ लाख ५० हजार रुपैयाँ पाउँछन् । 'पहिलो किस्ता बुझेका धेरैले जग राख्न सुरु नै गरेनन् । जसले दोस्रो किस्ता बुझ्ने संख्या निकै कम भयो' भुसालले भने, 'पहिचान भएका अधिकांश पीडितले पहिलो किस्ता बुझेर घर बनउन थाल्नु भएन । त्यसैले समयसीमा तोकेका हौं ।'

त्यस्तै आगामी असारसम्म तेस्रो किस्ता रकम बुझिसक्नुपर्नेछ । घरको गाह्रो उठेपछि सरकारले छाना राख्नका लागि तेस्रो तथा अन्तिम किस्तावापत १ लाख रुपैयाँ दिनेछ ।

## रकम लिएर घर नबनाए के हुन्छ ?

पहिलो किस्ताको अनुदान रकम बुझेका धेरै भूकम्प पीडितले अझैसम्म घर बनाउन थालेका छैनन् । पुनर्निर्माण प्राधिकरणले अनुदान सम्झौता गर्न यो रकम घर बनाउनकै लागि हो भनको छे । तर, पनि ५० हजारले घर बन्दैन भन्दै त्यो रकम अन्यत्र खर्च गरेको पाइएको छ । भुसालले भने, 'हामीले अनिवार्य रूपमा यो समय सीमाभित्र घर पुनर्निर्माण गरिसक्न भनेका छौं । लाभग्राहीले अटेर गर्नुहुन्न भन्ने हाम्रो विश्वास छ ।' यदि रकम लिएर पनि घर नबनाएको पाइए कानुन आकर्षित हुने प्राधिकरणका प्रवक्ता भुसालले बताए ।

## २७ सय मात्रै घर बने

अहिलेसम्म देशभर ७ लाख ४९ हजार ७ सय ९६ भूकम्पपीडित पहिचान भएका छन् । यसमध्ये ६ लाख ३० हजार ४ सय ४९ परिवारले घर पुनर्निर्माणका लागि सम्झौता गरेका छन् ।

यमध्ये पनि ५ लाख ९९ हजार ३ सय २४ पीडितले पहिलो किस्ता बापतको ५० हजार लिइसकेका छन् । यति धेरैले पहिलो किस्ता बुझेपनि जम्मा ५५ हजार ५५ जना पीडितले मात्रै घरको जग हालेर दोस्रो किस्ताको डेढ लाख बुझेका छन् । तेस्रो किस्ता लिनेको संख्या २ हजार ७ सय ३४ मात्रै छ । अर्थात अहिलेसम्म २७ सय घर मात्रै निर्माण भएको छ ।

# सूचना अधिकारीको.... ..

आयोगमा निवेदन पर्न सक्छ । यस विषयमा आयोगले गरेको निर्णय हुबहु पालना गर्नु पनि सूचना अधिकारीको कर्तव्य हो ।

यसरी सूचना प्रवाहका क्षेत्रमा सूचना अधिकारीको अहं भूमिका रहेको छ । यस्ता अधिकारीलाई आयोगले समयसमयमा तालिम दिने गरेको छ । जसरी राजनीतिका संवाहक राजीतिक दल र आर्थिक क्षेत्रका संवाहक निजी क्षेत्र ठहरिएका छन्, सोहीअनुसार सूचनाको हकको प्रचलनका संवाहकहरु पनि सूचना अधिकारी हुन् । यसको प्रमाणीकरण स्वयं सूचना अधिकारीले सूचना प्रवाह गरेर स्थापित गर्नुपर्छ । यसमा सञ्चारकर्मी, सूचनाको हकका अभियन्ता र नागरिक समाजका अगुवाले पुर्‍याएको योगदान हेर्दा सूचनाको हकका प्रवर्धक हस्ती उनीहरु नै ठहरिएका छन् । यसर्थ सूचना अधिकारीहरूले यस विषयलाई सकारात्मक रूपमा ग्रहण गरेर असल प्रतिस्पर्धा गर्दै आफू पनि नागरिकको सूचनाको हकको प्रचलनमा मन, वचन र कर्मले लाग्नुपर्छ ।

# सुन्दरीदेवी बन्यो जिल्ला च्याम्पियन



◆ विकास समाचारदाता

मकवानपुरको थाहा नगरपालिका वडा नम्बर ७ मा रहेको सुन्दरीदेवी मावि आग्रा कोकाकोला कप अन्तरविद्यालय फुटबल प्रतियोगिता-२०७४ च्याम्पियन भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) मकवानपुरको आयोजनामा ११ साउनमा हेटौंडामा सम्पन्न फाइनलमा श्रमिक मावि हेटौंडा-४, कर्राको चुनौती २/१ गोल अन्तरले पन्छाउँदै सुन्दरीदेवी प्रतियोगिता च्याम्पियन भएको हो । सुन्दरीदेवीलाई उपाधि दिलाउने क्रममा हर्दिप गुरुङ र बीके राईले गोल गरेका थिए । हर्दिपले खेलको २२ औं मिनेटमा फ्रिकिकमार्फत् गोल गरेका थिए । राईले खेलको २७ औं मिनेटमा गोल गर्दै उपाधिमा आफ्नो नाम लेखाउन सहयोग गरेका थिए ।

खेलको ७० औं मिनेटमा श्रमिकका राम गुरुङले गोल गर्दै खेलमा फर्किने संकेत गरेका थिए । खेलको अन्तिम समयमा पाएको हेडमा गोल गर्न नसक्दा श्रमिक उपाधिबाट बिमुख भयो । फाइनल खेलको म्यान अफ दी म्याच हर्दिप गुरुङ घोषित भए । प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडी च्याम्पियन टोलीको दिपक गोले घोषित भए ।

प्रतियोगितामा जिल्लाका १६ वटा क्लबको सहभागिता रहेको थियो । विजयी टोलीले बारामा हुने दोस्रो चरणको प्रतियोगितामा सहभागिता जनाउने छ । उनीहरूलाई मकवानपुरका प्रहरी प्रमुख उपरीक्षक बसन्तकुमार लामा, जिल्ला खेलकुद विकास समिति मकवानपुर अध्यक्ष माधव तिमल्सिना, उपाध्यक्ष दीपेन्द्र ढकाल, सचिव राजन दाहाल 'खुशराज', युवा परिषद् जिल्ला अध्यक्ष सन्तोष चौलागाईं तथा जिल्ला फुटबल संघ मकवानपुर अध्यक्ष राजेन्द्र श्रेष्ठले मन्तव्य व्यक्त गरेका थिए ।

प्रतियोगिताको समापन समारोहमा जिल्लाका प्रहरी प्रमुख उपरीक्षक लामाले खेलको माध्यमबाट युवाहरूलाई राम्रो मार्गमा लाग्न प्रेरणा मिल्ने बताए । उनले खेलकुद गतिविधिमार्फत् लागूपदार्थ दुर्व्यसनीबाट युवाहरूलाई मुक्त गर्न सहयोग पुग्ने बताए । जिल्ला खेलकुद विकास समिति मकवानपुर अध्यक्ष माधव तिमिल्सनाले खेलाडी उत्पादनको मुख्य थलो विद्यालयस्तरीय प्रतियोगिता भएको बताउँदै यस प्रतियोगितालाई निरन्तरता दिन जरूरी रहेको बताए ।

# लिग फुटबल भदौको पहिलो साता

◆ विकास समाचारदाता

मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगिता-२०७४ भदौ दोस्रो साताबाट हेटौंडामा हुने भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा) मकवानपुरको १४ साउनमा हेटौंडामा बसेको बैठकले भदौ १३ गतेबाट हेटौंडामा जिल्ला लिग फुटबल प्रतियोगिता आयोजना गर्न लागेको हो । प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गर्नका लागि बैठकले समितिका सदस्य र ाजकुमार श्रेष्ठलाई कार्यक्रम संयोजक तोकेको छ ।

समितिमा ज्ञानु क्षेत्री र सुविन घिमिरे सदस्य रहेका छन् । विभिन्न आन्तरिक कारणले गतवर्षको जिल्ला लिग फुटबल प्रतियोगिता आयोजना गर्न नसकेपछि जिल्ला फुटबल संघको आलोचना भइरहेको समयमा समितिको बैठकले प्रतियोगिताको मिति तोक्दै प्रतियोगिताको लागि विभिन्न उपसमितिहरू गठन गरेको हो ।



प्रतियोगिताको मिति तोकिएसँगै जिल्लाका क्लबहरूले यसको स्वागत गरेका छन् । जिल्ला लिगको तयारीमा क्लबहरूलाई करिब एक महिनाको समय पाएका छन् । जसले गर्दा प्रतियोगिता अझै प्रतिस्पर्धात्मक हुने विश्वास आयोजकले लिएको छ । 'लिग खेलाडी उत्पादन गर्ने र खेलाडीको प्रतिभा पहिचान गर्ने राम्रो माध्यम हो । त्यसकारण प्रतियोगितामा जिल्लाको मात्र खेलाडी सहभागी हुने पाउन प्रावधान गरिएको छ', जिल्ला फुटबल संघ मकवानपुर सदस्य राजुकमार श्रेष्ठले 'ए' डिभिजनस्तरको खेलाडीले यस प्रतियोगितामा खेल्न नपाउने बताए ।

'यसवर्ष लिगमा गाउँगाउँबाट समेत टोलीहरू सहभागी हुने भएका छन् । आग्रा, पालुङ, राईगाउँ, फापरबारीलगायत स्थानबाट समेत क्लबहरूले सहभागिता जनाउने खबर हामीले पाएका छौं,' कार्यक्रम संयोजक श्रेष्ठले प्रतियोगितामा करिब १६ वटा टोलीले सहभागी हुने अनुमान गरि एको जानकारी दिए । 'पछिल्लो समय जिल्लाका विकट स्थानमा समेत फुटबलको क्रेज बढ्दो छ । जसले गर्दा सहभागी टोली प्रत्येक लिगमा बढिरहेका छन्', श्रेष्ठले प्रतियोगिताको नगद पुरस्कार राशि केही दिनमा तोकिने बताए ।

प्रतियोगिता हेटौंडा-४ स्थित लोकतान्त्रिक मैदान (हुप्रचौर)मा गर्ने बुझिएको छ । एफसी पोताला हेटौंडा-४, कर्राले लगातार चार वर्षदेखि प्रतियोगितामा आफ्नो अधिपत्य जमाउँदै आइरहेको छ ।

# तीनवटा सहकारी एकीकरण भए

◆ विकास समाचारदाता

आर्थिक वर्ष २०७४ मा मकवानपुरमा रहेका आठ सहकारी संस्था एकीकरण भएका छन् । पाँच सय ६३ सहकारी संस्थामध्ये आठ वटा सहकारी संस्था एकीकरण भई तीन वटा सहकारी पुनःगठन भएको हो ।

हेटौंडा वडा नम्बर चारमा रहेको विभुति बचत तथा ऋण सहकारी संस्था र हेटौंडा वडा नम्बर दुईको मकवानपुर नमुना बचत तथा ऋण सहकारी संस्था एकीकरण गरी मकवानपुर नमुना बचत तथा ऋण सहकारी संस्था भएको छ । हेटौंडा वडा नम्बर ६ मा रहेको नारी चेतना अगरबत्ति उत्पादक संस्था र हेटौंडा वडा नम्बर दुईमा रहेको नारी चेतना मिलीजुली बचत तथा ऋण सहकारी संस्था एकीकरण गरी नारी चेतना बचत तथा ऋण सहकारी संस्था बनेको बताइएको छ । त्यस्तै हेटौंडा वडा नम्बर चारमा र हेको स्वभिमान ऋण तथा बचत सहकारी संस्था, हेटौंडा वडा नम्बर पाँचमा रहेको नव सिद्धार्थ बचत तथा ऋिण सहकारी संस्था, हेटौंडा वडा नम्बर दुईमा रहेको टोल विकास बचत तथा ऋिण सहकारी संस्था र हेटौंडा वडा नम्बर चारमा रहेको कश्यप बचत तथा ऋिण सहकारी संस्थाबिच एकीकरण भई पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था पुनः गठन भएको डिभिजन सहकारी कार्यालयका प्रमुख तिलकराम पोखेरेले जानकारी दिए ।

# मध्यमाञ्चलमा एक वर्षमा १०६९ दुर्घटना, ७३५ को मृत्यु

◆ विकास समाचारदाता

मध्यमाञ्चल क्षेत्रका १६ जिल्लामा गत वर्ष सवारी दुर्घटनामा परी ७३५ जनाले ज्यान गुमाएका छन् ।

आर्थिक वर्ष २०७३र७४ को १२ महिनामा भएको १ हजार ६९ वटा सवारी दुर्घटनामा उनीहरूको ज्यान गएको मध्यमाञ्चल क्षेत्रिय ट्राफिक कार्यालय पथलैया बाराका प्रमुख ट्राफिक प्रहरी उपरीक्षक सुरेन्द्र मैनालीले जानकारी दिए । उक्त दुर्घटनामा १ हजार ४ जना गम्भीर घाईते र १ हजार १०२ जना सामान्य घाईते भएको ट्राफिक प्रहरीले जनाएको छ ।



फाइल फोटो

### मोटरसाईकल दुर्घटना बढी

जम्मा १,५४३ वटा सवारी साधन संलग्न दुर्घटनामा सबै भन्दा बढी मोटरसाईकल दुर्घटना रहेको तथ्याङ्कले देखाएको छ । रिक्सा, ठेला पनि दुर्घटनामा पर्ने गरेको पाईएको छ ।

चालकको लापरबाहीले गर्दा मोटर साईकल दुर्घटना बढी हुने गरेको कार्यालयका प्रमुख ट्राफिक प्रहरी उपरीक्षक मैनालीले बताउँछन् ।

'अधिकांश युवाहरूले मोटरसाईकल तिव्र गतिमा हुईंकाउदा दुर्घटना भएको पाइएको छ,' एसपी मैनालीले भने- 'त्यसमाथि अन्य सवारी साधनभन्दा मोटर सायकल दुर्घटनामा मानिसको ज्यान गएको पाइएको छ ।'

### वर्षेनी दुर्घटनामा मर्नेहरु बढ्दै

ट्राफिक प्रहरी कार्यालय पथलैयाका अनुसार १६ जिल्लामा वर्षेनी दुर्घटना र त्यसमा परी ज्यान गुमाउनेको संख्या बढदो क्रममा छ ।

आर्थिक वर्ष ०७०र७१ मा ९६२ वटा सवारी दुर्घटनामा ४२५ जनाको मृत्यु भएको थियो । अर्को वर्ष दुर्घटनामा ज्यान गुमाउनेको संख्या १३२ ले बढ्यो ।

आर्थिक वर्ष ०७२/७३ मा ६ महिनासम्म चलेको बन्द हड्ताल सहितको मधेश आन्दोलन र नाकाबन्दीले सडकमा कम सवारी साधन गुडे पनि ९३७ वटा सवारी दुर्घटना भएको र त्यसमा ५२५ जनाले ज्यान गुमाएको ट्राफिक प्रहरीले जनाएको छ ।

ट्राफिक प्रहरी कार्यालय पथलैयाका प्रहरी सहायक निरीक्षक सुरेन्द्र कोईरालाका अनुसार सडकमा सवारी चाप बढेको तर सडकहरूको स्तरोन्नती हुन नसकेका कारण दुर्घटनाको संख्या बढेको छ ।

'सडक मर्मतमा कसैको पनि ध्यान छैन, बरू कम गुणस्तरका सडकहरू विस्तार भइरहेका छन्, जसले दुर्घटनाको संख्या बढाएको छ,' कोइरालाले भने, 'ट्राफिक नियमको उलंघन गरेर सवारी चलाउँदा पनि धेरै दुर्घटना भएको पाइएको छ ।'

### चालकको लापरबाहीले ६५ प्रतिशत दुर्घठना

१६ जिल्लामा गत वर्ष भएका १,०६९ वटा सवारी दुर्घटनामा सबैभन्दा बढी ६५ प्रतिशत दुर्घटना चालकको लापर बाहीले भएको प्रहरीको तथ्याङ्क छ । त्यसपछि दोस्रो र तेस्रो कारणमा तीव्र गति र सडकको दुरावस्था हुन् ।

त्यस्तै दुर्घटना बढी हने दोस्रो कारण तिव्र गति हो । ओभरटेक गर्दा, मादक पदार्थ सेवन, यान्त्रिक गडबडी, ओभर लोड, र चौपायाका कारण पनि दुर्घटना हुने गरेका छन् । नियम अनुसार २५० किलोमिटर भन्दा लामो दुरीको यात्रामा कम्तीमा दुई जना चालक हुनुपर्ने नियम पनि पालना भएको पाइँदैन ।

# गुनासो बढि, फछ्र्यौट कम

◆ विकास समाचारदाता

क्षेत्रिय प्रशासन कार्यालय हेटौंडाले सुरु गरेको हेलो सरकार कक्षमा आउने विविध किसिमको गुनासो फछ्र्यौटको अवस्था निकै कमजोर देखिएको छ । मध्यमाञ्चल क्षेत्रको काठमाडौं, भक्तपुर र ललितपुर जिल्लाबाहेक १६ वटा जिल्लाबाट बितेको आर्थिक वर्षमा सात सय २२ वटा गुनासो प्राप्त भएकोमा २ सय ४४ वटाको मात्र फछ्र्यौट भएको बताइएको छ ।

क्षेत्रीय प्रशासन कार्यालय हेटौंडाले १० साउनमा हेटौंडामा पत्रकार सम्मेलनमार्फत कार्यालयमा बितेका आर्थिक वर्ष २०७४ मा प्राप्त भएका गुनासाको अवस्थाबारे जानकारी गराएको हो । टेलिफोन, इमेल र हुलाकमार्फत विभिन्न समस्याको बारेमा गुनासो दर्ता भएकोमा सबैभन्दा बढी टेलिफोन सम्पर्कको माध्यम प्रयोग गरिएको छ । टेलिफोन सम्पर्कबाट सात सय १६ वटा गुनासो आएको बताइएको छ ।

त्यस्तै इमेलमार्फत चार र हुलाकमार्फत दुई वटा गुनासो प्राप्त भएको क्षेत्रीय प्रशासक शम्भुप्रसाद कोइरालाले जानकारी दिए । गुनासो प्राप्त भएपछि अनलाइन पोर्टल, चिठी र टेलिफोनमार्फत सम्बन्धित निकायसँग आवश्यक कारबाहीको लागि पठाउने गरिएको कार्यालयले जनाएको छ । बितेको आर्थिक वर्षमा आएका ४ सय ७८ वटा जनगुनासो भने अलपत्र परेको छ । सुनुवाईको लागि सम्बन्धित निकायलाई निर्देशन दिइए पनि विविध कारणले यी गुनासाउपर कारबाही हुन नसकेको क्षेत्रीय प्रशासक कोइरालाले जानकारी दिए ।

# 'बनमारा उखेलेर खाने प्रवृत्ति फेरि मौलायो'

*मकवानपुर थाहा नगरपालिकाको नीति तथा कार्यक्रमसंगै ३० असारमा बजेट पनि विनियोजन भएको छ । थाहानगरको पहिलो नगरसभाले बजेट, नीति तथा कार्यक्रम पारित गर्दै दर्जनौं निर्णयहरु गरेको छ । सामाजिक संजाललगायत चोक तथा बजारमा समेत नीति तथा कार्यक्रम र बजेटको विषयमा निकै टिका टिप्पणी भए । नगरको बजेटकै विषयमा नेकपा एमालेले असन्तुष्टि जनाएको छ । यसै विषयमा प्रस्तुत छ, नेकपा एमाले थाहानगर संगठन कमिटिका निर्वतमान अध्यक्ष* ***अच्युतमप्रसाद ढकाल****संग* ***कुमार नेगी****ले गरेको कुराकानी ।*



**अच्युतमप्रसाद ढकाल**
*निर्वतमान अध्यक्ष नेकपा एमाले थाहानगर संगठन कमिटि*

## बजेट बहस

> हामी प्रतिपक्षको भूमिकामा हुन्छौं । थाहानगरको विकासका दृष्टिले मुहार फेर्नका लागि सँधै लागि रहन्छौं । नियम, कानुन विपरित काम गरेको देखेमा हामी तत्काल खबरदारी गर्छौं, नागरिकलाई न्याय दिलाउँछौं ।

yfxf gu/kflnsfsf]klxnf]gu/; efaf6 kfl/t ah]6nf0{ s;/L ljZn]f0f ug{'x'G5 <

– थाहानगर कार्यपालिकाले सरकारले तोकेकै समयसीमामा बजेट ल्याउन सफल भयो, यो सकारात्मक लाग्यो । यसरी समयमै बजेट ल्याउन ठूलै कसरत गर्नु पऱ्यो होला, यसका लागि सकेसम्म मेहिनत गरेकोमा धन्यवाद दिन चहान्छु । तर जसरी जुन ढंगले बजेट विनियोजन भएको छ, यसरी तपाई हामी सबैले सपना देखेको 'सम्वृद्ध थाहानगर'को सपना पूरा हुँदैन । नगरसभाबाट पारित भएको बजेटसम्बन्धी पूस्तिकाको बजेट विनियोजनको ढाँचा हेर्दा यो वा ऊ भन्दिन, तर पार्टीको कार्यकर्ता खुशी बनाउने र कार्यकर्ता पाल्ने खाले बजेट विनियोजन भएको देखियो । अधिकांश बजेट बस्ती भन्दा व्यक्ति केन्द्रीत भएको पाइयो । बजेट विनियोजनका लागि के कस्तो प्रक्रिया अपनाएर आवश्यकता पहिचान गर्नुपर्छ भन्ने कुरा बजेटमा झल्किएको छैन । बजेटमा थुप्रै त्रुटि छन् । धेरै कुरा सच्याउनु पर्नेछ ।

ah]6 s]sf]cfwf/df ljlgof]hg ePsf]h: tf]b]vG5 <

– बजेट हचुवाको भरमा विनियोजन भएको छ । मागका आधारमा भन्दा पनि भागका आधारमा विनियोजन भएको छ । बजेटको सिनारियो हेर्दा यसकै आधारमा बजेट विनियोजन भएको हो भन्ने आधारै देखिन्न । जस्तो जनजातीहरूको बाहुल्यता भएको ठाउँमा एउटा ठूलो लक्षित कार्यक्रम मिनीसंग्राहलय नै किन नहोस्, देख्नुहुन्छ ? छैन । यस्ता उदाहरण त कति छन् कति । के यस्ता योजना समुदायबाट माग नै नभएको होलान् त ? हामी राजनीति संयन्त्रमा हुँदा सबै दलको साझा कार्यक्रम र बजेट विनियोजन हेर्नुस्, अहिले जनप्रतिनीधिले गरेको हेर्नुहोस्, फरक आफै थाहा हुन्छ, कुनै आधारशीला नै छैन बजेट विनियोजनमा । हेर्दै गर्नुहोस्, साँढे ३७ करोड बजेटमा २/३ करोड त पानीमै जानेछ । बालुवामा पानी हुनेछ ।

o: tf]ah]6 ljlgof]hgn]lj sf; df s: tf]kef j kfnf{t<

– अघि पनि मैले भनिहाले भँगेरालाई कनिका छरेजस्तो बजेटको उपलब्धी के हुनु । उपलब्धी त देखिँदै देखिदैन । नगरपालिका घोषणाको शुरूताका हामीले भन्थ्यौं बनमारा उखेल्ने बजेट । हो, त्यही दिशामा लाग्यो अहिलेको नगरपालिकाको बजेट । यो भनेको सडक बनाउने नाममा २/४ झाल बनमारा ओखेलेर फछ्र्यौट गर्ने परि पाटीको फेरि विकास हुने भयो । यो सम्पूर्ण नगरवासीको लागि चिन्ताको विषय हो ।

kefj lxg ah]6 cfof]eGbf olQs}t 5f8g'ePg lg, xf]g <

– हुँदैन । यो शुरूवात हो, ज्ञान सीपको कमीको आधारमा पनि यस्तो भएको हुन सक्छ । तर अब यो प्रक्रिया दोहोरिन नदिन हामी सबैको जिम्मेवारी हो । म पनि थाहानगरको पहिले नागरिक हुँ, त्यसपछि मात्र नेकपा एमालेको सदस्य हुँ । त्यसैले गर्दा पनि अब जो जननिर्वाचित छन् उनीहरू भन्दा बाहिर त्यो भन्दा ठूलो जमात छ भन्ने कुरा त्यहाँ भित्र बस्नेहरूले पनि गम्भीर भएर सोच्नु पर्दछ । अर्कोकुरा हामी सबै राजनीतिक दलले खबरदारी गरि नै रहनुपर्छ । पहिलेको जस्तो राजनीतिक संयन्त्र त छैन यद्यपी हामी सबै नगरबासीहरूले हरेक कामको निगरानी र त्यसको प्रभाव मूल्याङ्कन गर्न पछि पर्नुहुँदैन । त्यसो गर्दा केही हदसम्म भएपनि सुधार हुन सक्छ ।

klxn]/fhgLlts ;+Gq / clxn]hgkl|tgLlwx?n]u/]sf] ah]6 tyf sfo{qmddf km/s s]xf]k s]xL dxz'; ug{ePsf] 5 <

– अहिले तपाइसंग कुरा गरिरहँदा अहम् गरे जस्तो होला । तर त्यो होइन । अहिले हामी सत्तामा त छौं तर केही सदस्यले मात्र कार्यपालिकामा प्रतिनिधित्व गरिरहेका छौं । यदि कुनै विषयमा पक्ष र विपक्षमा मतदान गर्ने अवस्था सृजना भए हामीसंग थोरै मत छ । राजनीतिक संयन्त्र हुँदा हामीले विकासको एजेण्डामा नेतृत्व गरेकै हो । त्यतिबेला पनि नगरको कार्यक्रम तथा बजेट यस्तो हुनुपर्छ भनेर सुझाव दिने पार्टी नेकपा एमाले मात्र हो भने अहिले पनि हामी मात्रै हौं । हामीले सँधै विकासको सवालमा टुत्र्के हैन देखिने विकास

बाँकी पृष्ठ ६ मा



अनलाईनबाटै
ufpE/sf va/, ca ljZje/
www.bikaskhabar.com
लगअन गर्नुहोस् ।

'तपाई जहाँ, विकासखबर त्यहाँ'
दैनिक कुर्नै पर्दैन
पलपलको खबर....

विकासखबर डट.कम.
इमेल:
bikaskhabar@gmail.com

